# स्थानीय राजपत्र

## अर्नमा गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड १० संख्या ३ मिति २०८३ असार ३० गते**


## भाग १

## अर्नमा गाउँपालिकाको सूचना

मदेश प्रदेशको **गाउँ सभा र नगर सभाको कानुन निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७७** को दफा ३३ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

### संवत् २०८३ को ऐन नं ३

### केहि स्थानीय ऐन संशोधन गर्न गर्ने ऐन, २०८३

**प्रस्तावना:** अर्नमा गाउँपालिकाबाट जारी भएका केहि स्थानीय ऐनलाई समयानुकुल संशोधन गर्न वाञ्छनीय भएकाले

गाउँ सभाको १२ औ अधिवेशनबाट यो केहि स्थानीय ऐन संशोधन गर्न बनेको बिधेयक, २०८३ जारी गरिएको छ।

**१. विपद् व्यवस्थापन ऐन, २०७५ मा गरिएको संशोधन**

(१) प्रस्तावनामा संशोधन गरी बाञ्छनीय भएकाले पछि *"नेपालको संविधानको धारा २२१ को अधिकार प्रयोग गरी अर्नमा गाउँसभाले यो ऐन बनाएको छ"* बनाइएको छ।

(२) दफा २ परिभाषामा परिभाषित शब्दको बर्णानुक्रम मिलाइएको छ।

(३) दफा २ परिभाषाको खण्ड (ञ) (ड) र (न) हटाईएको छ।

(४) दफा ५ को खण्ड (क) देखि (ठ) को सट्टमा देहायको संशोधित ब्यवस्थाहरु राखिएको छ।

*(क) राष्ट्रिय तथा प्रादेशिक नीति, योजना र कार्यक्रम अनुरूप गाउँ विपद् व्यवस्थापन नीति तथा योजना तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने तथा स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वियन गर्ने, गराउने,*

*(ख) विपद् जोखिम न्यूनीकरण, प्रतिकार्य तथा पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वियन गर्ने, गराउने,*

*(ग) विपद् व्यवस्थापनका लागि गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने तथा जनप्रतिनिधि, कर्मचारी, स्वयंसेवक र समुदायलाई*

अर्नमा गाउँपालिका

*प्रशिक्षण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने,*

(घ) *विपद् प्रतिकार्यका लागि खोज, उद्धार, राहत तथा आपतकालीन कार्य सञ्चालनका लागि आवश्यक संयन्त्र, कार्यविधि, मापदण्ड, उपकरण तथा आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने, गराउने,*

(ङ) *सार्वजनिक, निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरी विपद् व्यवस्थापन सम्बन्धी कार्य सञ्चालन गर्ने तथा सम्बन्धित निकायलाई आफ्नो नीति तथा कार्यक्रममा विपद् व्यवस्थापन समावेश गर्न लगाउन,*

(च) *भवनसंहिता तथा स्वीकृत मापदण्डको पालना गराउने, पूर्वाधारहरूको जोखिम मूल्याङ्कन गर्ने तथा जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने समुदायको सुरक्षित स्थानान्तरण र सचेतना अभिवृद्धि गर्ने,*

(छ) *विपद्का कारण अवरुद्ध सेवा प्रवाह पुनःसञ्चालन, सूचना तथा पूर्वचेतावनी प्रणाली विकास, तथा*

अनमा गाउँपालिका

आमसञ्चार माध्यमको प्रभावकारी परिचालन गर्ने, गराउने,

(ज) विपद् प्रभावित क्षेत्रको उद्धार, राहत, पुनर्स्थापना, पुनर्निर्माण तथा जीविकोपार्जन पुनःस्थापनासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(झ) प्रभावित व्यक्तिहरूको पहिचान, विवरण अद्यावधिक, परिचयपत्र वितरण तथा जोखिममा रहेका समूह (महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति आदि) का लागि विशेष कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ञ) वडा तथा समुदाय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन, नमूना अभ्यास सञ्चालन तथा शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन समावेश गर्न पहल गर्ने,

(ट) विपद् व्यवस्थापन सम्बन्धी कार्यको अनुगमन गर्ने तथा संघ, प्रदेश र जिल्ला स्तरका निकायसँग समन्वय र सहकार्य गर्ने, र

(ठ) प्रचलित कानुन बमोजिम वा सम्बन्धित निकायबाट तोकिएका अन्य कार्य गर्ने, गराउने तथा राहत, पुनर्निर्माण र पुनर्लाभ

*कार्यलाई तोकिएको मापदण्ड बमोजिम व्यवस्थापन गर्ने।*

(५) परिच्छेद ५ मा भएको **"विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था"**लाई ***"आकस्मिक कोष सम्बन्धी व्यवस्था"*** बनाईएको छ।

(६) दफा १२ को उपदफा (५) र (६) हटाइएको छ।

(७) दफा १८ पछि देहायको दफा १८क. थप गरिएको छ;

*"१८क.* ***जोखिम हस्तान्तरण सम्बन्धी व्यवस्थाः*** *(१) गाउँपालिकाले विपद् जोखिम न्यूनीकरण तथा आर्थिक क्षति न्यूनिकरणका लागि बीमा, सह वित्तीय व्यवस्था, सामाजिक सुरक्षा तथा अन्य उपयुक्त माध्यममार्फत जोखिम हस्तान्तरणका उपाय अवलम्बन गर्न सक्नेछ।*

*(२) सार्वजनिक तथा निजी पूर्वाधार, सेवा र सम्पत्तिको सुरक्षा सुनिश्चित गर्न सम्बन्धित निकाय, संस्था वा व्यक्तिलाई तोकिए बमोजिम बीमा वा अन्य जोखिम हस्तान्तरणका उपाय अवलम्बन गर्न गाउँपालिकाले प्रोत्साहन गर्न वा आवश्यक व्यवस्था गर्न सक्नेछ।*

*(३) विपद् जोखिममा रहेका घरपरिवार, व्यवसाय तथा समुदायका लागि सहुलियतपूर्ण बीमा, सूक्ष्म बीमा वा अन्य वित्तीय संरक्षणका कार्यक्रम सञ्चालन गर्न*

*गाउँपालिकाले सम्बन्धित निकायसँग समन्वय गर्न सक्नेछ।*

*(४) जोखिम हस्तान्तरणका कार्यक्रम सञ्चालन गर्दा लक्षित समूह, जोखिमको स्तर, सम्भावित क्षति तथा दिगोपनलाई आधार मानी प्राथमिकता निर्धारण गरिनेछ।*

*(५) जोखिम हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"*

(८) दफा २१(१) मा "उपसमिति" पछि *"तथा कार्यदल"* थप गरिएको छ।

**२. सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०७९**

(१) दफा १(२) मा संशोधन गरी *"यो ऐन अर्नमा गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।"* भन्ने व्यवस्था राखिएको छ।

(२) दफा २(ग) मा संशोधन गरी *"एकाई" भन्नाले यस गाउँपालिकामा स्थापित भएको सार्वजनिक निजी साझेदारी एकाई भन्ने सम्झनु पर्छ।"* भन्ने व्यवस्था राखिएको छ।

(३) दफा २ (ठ) हटाईएको छ।

(४) **दफा** ७, १५, २१, २७, २८, २९, ३०, ३४, ३६, ३७, ३८ र ५८ मा भएको "स्थानीय सरकार" को सट्टामा *"गाउँपालिका"* राखिएको छ।

(५) **दफा १५** (३) मा संशोधन गरी *"उपदफा (२) बमोजिमको कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न*

*चाहने व्यक्तिले देहायका तोकिएका बिषय खुलाई गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ।"* भन्ने व्यवस्था राखिएको छ।

(६) दफा १८(१) **"देहायका विवरणहरु"** को सट्टा "*तोकिएको विवरण*" राखिएको छ।

(७) दफा १८(३) मा .........हस्ताक्षर गर्नेछ।" को ठाउँमा ***"प्रमुख प्रशासकीय अधिकृतले"*** राखिएको छ।

(८) दफा २६(१) बाट **"पन्ध्र देखि पैंतीस वर्ष सम्म नबढाई"** भन्ने शब्द झिकीएको छ।

(९) **परिच्छेद ६ मा "**समितिको गठन सम्बन्धी व्यवस्था (सार्वजनिक निजी साझेदारी इकाई)" को सट्टामा *"समितिको गठन सम्बन्धी व्यवस्था"* राखिएको छ।

(१०) दफा ४६(१) लाई संशोधन गरी *" **समितिको गठन** : (१) पूर्वाधार विकास र निर्माणमा सार्वजनिक निजी साझेदारी तथा निजी लगानी परिचालनलाई प्रोतसाहन तथा व्यवस्थापन गर्न गाउँपालिकामा देहायको एक सार्वजनिक निजी साझेदारी प्रबर्धन समिति गठन रहनेछ;* बनाइएको छ।

(११) दफा ४६(२) लाई हटाइएको छ।

(१२) ४६को उपदफा (२) को खण्ड (ग) मा संशोधन गरी *"गाउँ कार्यपालिका सदस्यबाट अध्यक्षले मनोनित गरेको एक जना महिला सदस्य- सदस्य "* राखिएको छ।

(१३) दफा ४६(२)(ज) मा संशोधन गरी *"गाउँपालिका पूर्वाधार विकास शाखा प्रमुख -सदस्य सचिव "* राखिएको छ।

(१४) दफा ५२ हटाईएको छ।

## ३. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन,२०७९ मा संशोधन

(१) प्रस्तावनामा संशोधन गरी *"प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न, प्राकृतिक स्रोतहरूको उचित उपयोग र दिगो व्यवस्थापन गर्न, विकास र वातावरणबीच सन्तुलन कायम गर्न तथा वातावरण, प्राकृतिक स्रोत र जैविक विविधताको संरक्षण गर्न आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२६ बमोजिम अर्नमा गाउँसभाले यो ऐन बनाएको छ"* राखिएको छ।

(२) १,२, ३. ४, ५, ६, १०, १३, १४, १५, १६, १७, २०, २१, ३३, ३४, ३७, ३८, ४३, ४४, ४५, ४६, ४७, ५३, ५६, ५७, ५८, ५९ र ६५ बाट नगरपालिका शब्द हटाई *"गाउँपालिका"* राखिएको छ।

(३) दफा १७ लाई संशोधन गरी *"**वातावरण निरीक्षकको नियुक्ति गर्न सक्ने**: गाउँपालिकाभित्र प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा स्वीकृत वातावरणीय प्रतिवेदन अनुसार गर्नुपर्ने कामहरू प्रभावकारी रुपले गर्न गराउन, वातावरण संरक्षण सम्वन्धि प्रचलित मापदण्डको पालना भए नभएको सम्बन्धमा अनुगमन*

*तथा निरीक्षण गर्न कार्यपालिकाले एक वातावरण निरीक्षक नियुक्त गर्न सक्नेछ।* " भन्ने व्यवस्था राखिएको छ।

(४) दफा ४७ को उपदफा (२) को खण्ड (घ) देखि (झ) सम्म देहाय अनुसार संशोधन गरिएको छ;

*(घ) कार्यपालिकाको सामाजिक विकास समिति संयोजक- सदस्य*

*(ङ) कार्यपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक-सदस्य*

*(ज) कार्यपालिकाको आर्थिक विकास समिति संयोजक- सदस्य*

*(झ) वातावरण शाखा हेर्ने कर्मचारी- सदस्य सचिव*

(५) दफा ६६ पछि ६६. क. मा देहायको व्यवस्था थप गरिएको छ।

*६६.क. __खारेजी तथा बचाउः__ (१) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६ खारेज गरिएको छ।*

*(२) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६ बमोजिम भए गरेको काम यसै ऐन बमोजिम भए गरेको मानिनेछ।*

४. __प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९__

(१) दफा २ को खण्ड (क) मा "२०७५" को सट्टामा ***"२०७९'*** राखिएको छ।

(२) दफा ३ मा संशोधन गरी देहायको व्यवस्था राखिएको छ;

*(१) गाउँ कार्यपालिकाले देहायका बिषयमा नियम बनाउन सक्नेछ;*

*(क) नेपालको संविधानले गाउँपालिकालाई नियम बनाउन सक्ने गरी तोकेका बिषय,*

*(ख) संघ तथा प्रदेश कानुनले स्थानीय तहलाई नियम बनाउन सक्ने गरी प्रत्यायोजन गरिएका बिषय र गाउँपालिकाका आफ्नै ऐनद्वारा नियम बनाउन सक्ने गरी अधिकार प्रत्योजन गरिएका बिषय।*

(३) दफा ४ मा संशोधन गरी देहायको व्यवस्था राखिएको छ;

४. *गाउँ कार्यपालिकाले देहायका बिषयमा कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागू गर्न सक्नेछ;*

*(क) प्रचलित कानुनद्वारा गाउँपालिकाको प्रशासनिक कार्य जिम्मेवारीको रुपमा तोकेका बिषयको कार्यसम्पादन बिधि निर्धारण गर्ने बिषय,*

*(ख) गाउँ सभाबाट पारित भएका कुनै पनि आयोजना वा कार्यक्रमको कार्यान्वयन गर्ने विधि निर्धारण गर्नुपर्ने बिषय, र*

*(ग) गाउँपालिकाद्वारा स्वीकृत गरिएको कुनै नीतिको कार्यान्वयन बिधि निर्धारण गर्नेपर्ने बिषय।*

(४) दफा ४ पछि देहायको दफा ४ क. राखिएको छ;

*४.क. **बचाउ तथा खारेजी:** (१) यस गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ खारेज गरिएको छ।*

*(२) प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।*

**५. गाउँ प्रहरी गठन तथा सञ्चालन ऐन, २०७९**

(१) प्रस्तावनामा संशोधन गरी *"अर्नमा गाउँपालिका भरि सार्वजनिक सम्पत्तिको संरक्षण लगायत समुदायमा स्थानीय कानुनको परिपालना गराई सुव्यवस्था कायम राख्न नेपालको संविधानको अनुसूची ८ को सूचि नं १ को कार्यान्वयन गरी गाउँपालिकाको आफ्नै गाउँ प्रहरी संगठन स्थापना र संचालन गर्न वाञ्छनीय भएकोले, नेपालको संबिधान धारा २२६ बमोजिम यो गाउँ प्रहरीको गठन तथा सञ्चालन ऐन जारी गरिएको छ"* बनाईएको छ।

(२) ऐनको सबै ठाउँमा **"पालिका प्रहरी"** को ठाउँमा **"गाउँ प्रहरी"** बनाएको छ।

(३) दफा ३(२) मा संशोधन गरी देहायको व्यवस्था राखिएको छ;

*(२) उपदफा (१) को प्रयोजनको लागि प्रहरीको गठन र त्यसमा रहने संख्याको पद निर्धारण गर्न गाउँ कार्यपालिकाले गाउँ प्रहरी सेवाको गठन सम्बन्धी संक्षिप्त संगठन तथा व्यवस्थापन प्रतिवेदन तयार गर्नु पर्नेछ।*

*(२)क. उपदफा (२) बमोजिमको प्रतिवेदन तयार गर्दा गाउँ प्रहरीको दरवन्दीमा रहने पदले गर्ने कार्य विवरण, अल्पकालिन तथा दीर्घकालिन रुपमा पर्ने वित्तीय दायित्यको विश्लेषण गर्नुपर्नेछ।*

*(२)ख. उपदफा (२) बमोजिम तयार भएको प्रतिवेदन गाउँ सभाद्वारा पारित भएमा कार्यान्वियन गरिनेछ।*

(४) दफा ५ बाट ***"गाउँपालिका अध्यक्षको सिफारिमा"*** भन्ने शब्दावली हटाईएको।

(५) दफा ६ हटाइएको छ।

(६) दफा ७ को खण्ड (ग) मा **"सहायक स्तर दोश्रो"** को सट्टमा ***"सहायक स्तर तेस्रो"*** राखिएकोको छ।

(७) दफा ९ मा संशोधन गरी *"__करार सेवामा नियूक्ति गर्नु पर्ने:__ यस ऐन बमोजिमको दरबन्दीको परिपूर्ति करार सेवाबाट गरिनेछ।"* राखिएको छ।

(८) दफा १०(२) मा **"प्रकरण नं." भन्ने शब्दको** सट्टामा **"*खण्ड*"** भन्ने शब्द राखिएको छ।

(९) दफा १७ को उपदफा (२) को प्रतिवबन्धात्क वाक्यांश हटाइएको छ।

(१०) परिच्छेद ७ हटाईएको छ।

## ६. गाउँ शिक्षा ऐन, २०७९ मा भएको संशोधन

(१) प्रस्तावनामा वञ्छनीय भएकोले पछि *"नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा (१), तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम अर्नमा गाउँसभाले यो ऐन बनाएको छ ।"* को सट्टामा *"नेपालको संविधानको धारा २२६ बमोजिम अर्नमा गाउँसभाले यो ऐन बनाएको छ ।"* राखिएको छ।

(२) दफा २ को खण्ड (ण) बाट **"विभाग/महाशाखा"** भन्ने शब्द हटाईएको छ।

(३) दफा ८ उपदफा (१), (३), (४) र (५) बाट *"प्रमुख"* भन्ने शब्दावली हटाईएको छ।

(४) दफा ८(११) बाट ***"यस अघि दर्ता भएका विद्यालय सम्वन्धि व्यवस्था : (१)"*** भन्ने शब्दावली हटाइएको छ।

(५) दफा २०(१) एक पछि (१) क थप गरी *"उपदफा (१) बमोजिमको विद्यालय व्यवस्थापन समितिमा सम्बन्धित बिद्यालयको बालक्लबबाट एक जना प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा सहभागिता गराउनु पर्नेछ।"* भन्ने व्यवस्था राखिएको छ।

(६) दफा २२(१) लाई संशोधन गरी *"(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने स्थायी शिक्षकहरु दरवन्दी निर्धारण सङ्घीय कानुन बमोजिम हुनेछ।"* भन्ने व्यवस्था राखिएको छ।

(७) दफा २२(२) लाई संशोधन गरी " *गाउँपालिकाले उपदफा (१) बाहेक स्थानीय आवश्यकताका आधारमा करार शिक्षक अस्थायी दरबन्दी सृजना तथा पदपूर्ति गर्न सक्नेछ।*"भन्ने व्यवस्था राखिएको छ।

(८) दफा २२(३) लाई संशोधन गरी " *(३) गाउँपालिकाले यस बमोजिमका नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी राख्नु पर्नेछ।* "भन्ने व्यवस्था राखिएको छ।

(९) दफा २४(२) मा "*स्थायी शिक्षकको हकमा सम्बन्धित नियकायमा सिफारिस गर्नेछ र गाउँपालिकाबाट नियुक्त शिक्षकलाई पदबाट हटाउन सक्नेछ।*" भन्ने ब्यवस्था थप गरिएको छ।

(१०) दफा २७(१) लाई संशोधन गरी *"(१) स्थायी शिक्षकको हकमा निजले कुनै एक विद्यालयमा कम्तिमा दुई वर्ष सेवा गरे पश्चात अर्को विद्यालयमा सरुवा भई जान सक्नेछ।"* बनाईएको छ।

(११) दफा ३७ मा "**योग ध्यान**" भन्ने शब्दावली थप गरिएको छ।

(१२) दफा ४७(१) मा रहेको "अनुदान दिनेछ" भन्ने शब्दावलीको सट्टामा ***"अनुदान दिन सक्नेछ।"*** भन्ने राखिएको छ।

(१३) दफा ६१ (२) मा संशोधन गरी *"(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी सङ्घीय कानुनले तोके वमोजिम सजाय हुनेछः"* भन्ने व्यवस्था गरिएको छ।

*(१४) ६१. (२) पछि (२)क. थप गरी देहायको व्यवस्था राखिएको छ;*

*(२)क. उपदफा (२) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा ऐन अन्तर्गत बनेको नियमको उल्लंघन गरेमा तोकिएको अधिकारीले देहायबमोजिम सजाय गर्न सक्नेछः*

*(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजायका लागि सिफारिस गर्ने,*

*(ख) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षाबाट निष्काशन गर्ने,*

*(ग) कसूरको मात्रा हेरी एक हजार रुपैयादेखि पच्चीस हजार रुपैंयासम्म जरिवाना गर्ने,*

*(घ) विद्यालयलाई सरकारी सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,*

*(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने*

(१५) *दफा ६३ पछि दफा ६३ क. र ख. थप गरी देहायको व्यवस्था राखिएको छ;*

*६३.क.* ***<u>आन्तरिक कार्यविधि बनाउन सक्नेः</u>*** *बिद्यालयले आफ्नो आन्तरिक व्यवस्थापन तथा यस ऐनका व्यवस्थाहरुको कार्यान्वयनका लागि आन्तरिक कार्यविधि बनाउन सक्नेछन्।*



अनमा गाउँपालिका

*६३.ख. **आचारसंहिता बनाउने:** गाउँपालिकाले शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालयको आचारसंहिता बनाई लागु गर्नुपर्नेछ।*

(१६) दफा ६६ (१) को सट्टामा देहायका उपदफा (१) र (२) राखिएको छ;

*(१) गाउँ शिक्षा ऐन, २०७६ खारेज गरिएको छ।*

*(२) उपदफा (१) बमोजिमको गाउँ शिक्षा ऐन, २०७६ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।*

## ७. न्यायिक समिति कार्यविधि ऐन, २०७५ मा संशोधन

(१) **दफा ७ को खण्ड (ख) हटाईएको छ।**

(२) ८ को उपदफा (१) पछि *"(१)क. न्यायिक समितिले कार्यविधि बनाई उपदफा (१) बमोजिमको व्यक्तिले सम्बन्धित वडा कार्यालय मार्फत उजुरी गर्न सक्ने व्यवस्था गर्न सक्नेछ।"* थप गरिएको छ।

(३) दफा २० (६) पछि *"(६)क. यस दफा बमोजिम प्रतिवादीलाई म्याद तामेल गर्न वडा कार्यालयले सहयोग गर्नु पर्नेछ।"* थप गरिएको छ।

(४) दफा २३ पछि २३ क. थप गरी *"२३.क. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दामा आफ्नो काबु बाहिरको परिस्थिति उत्पन्न भई तोकिएको म्याद वा तारिखका दिन न्यायिक समिति समक्ष उपस्थित हुन नसकी म्याद वा तारिख गुज्रेकोमा गुजार्ने पक्षले म्यादका हकमा दश दिनसम्म*

*एकपटक र तारिखको हकमा बढीमा दुईपटक पन्ध्र दिनसम्म थमाउन सक्नेछ"* भन्ने वेहोरा थप गरिएको छ।

(५) दफा २६ को उपदफा (३) लाई संशोधन गरी उक्त उपदफाको सट्टामा *"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले स्थानीय ऐनको दफा ४७ को उपदफा (१) र (२) बमोजिम दुवै प्रकृतिका उजुरीमा पक्षहरुलाई मेलमिलापका लागि उत्प्रेरित गरी सम्झाई बुझाई कम्तिमा एकपटक अनुसुची ६क. बमोजिम मेलमिलापको लागि पठाउने आदेश गर्नुपर्नेछ।"* भन्ने व्यवस्था थप गरिएको छ।

(६) दफा २६को उपदफा (३) पछि (३) क. थप गरी *"(३)क. स्थानीय ऐनको दफा ४७ को उपदफा (२) बमोजिमको उजुरीमा उपदफा (३) बमोजिम मेलमिलाप आदेश भई मेलमिलाप हुन नसकेमा अनुसूची ६क. बमोजिम अदालत जान सुनाउने आदेश गर्नु पर्नेछ।"* भन्ने व्यवस्था थप गरिएको छ।

(७) दफा ७१ लाई संशोधन गरी *" **मेलमिलाप दस्तुरः** मेलमिलापमा जाने विवादको हकमा मेलमिलापकर्ताले पक्षहरुले सहमतिमा दिन मञ्जुर भएदेखि बाहेक कुनै प्रकारको दस्तुर लाग्नेछैन"* भन्ने व्यवस्था राखिएको छ।

(८) दफा ५३ को उपदफा (५) लाई संशोधन गरी "(५) उपदफा (४) बमोजिमको मिलापत्रको व्यहोरा पक्षहरूलाई पढीबाँची सुनाई मिलापत्र गर्न मञ्जुर

भएमा पक्षहरूको सहिछाप गराई समितिका सदस्यहरूले मिलापत्र कागज प्रमाणित गरी एक प्रति समितिले अभिलेखको लागि मिसिलमा राख्नुपर्नेछ तथा एक-एक प्रति बादी तथा प्रतिबादीलाई दिनुपर्नेछ" भन्ने व्यवस्था राखिएको छ।

(९) देहाय अनुसार अनुसूचीहरुमा संशोधन गरिएको छ;

अनुसूची -१

*(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)*

**अर्नमा गाउँपालिका**

**न्यायिक समिति**

**न्यायिक समिति समक्ष पेश गरेको उजुरी पत्र**

| | |
|---|---|
| ......... जिल्ला .........../गाउँपालिका वडा नं. .....बस्ने .........को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ............मो.नं.९८०३३ .............१ | (प्रथम पक्ष) निवेदक |

**बिरुद्ध**

| | |
|---|---|
| ...... जिल्ला ........गाउँपालिका वडा नं. .....बस्ने .........को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको .............. मो.नं.९८०३३....... .. .........१ | (दोस्रो पक्ष) बिपक्षी |

**बिषयः .....................................**

म निम्न बुदाहरुमा लेखिएबमोजिम निवेदन गर्दछु।

१. ......................................................................... .........

२. यस समितिबाट दोस्रो पक्ष झिकाई जे जो बुझ्नु पर्छ बुझी बिवाद निरुपण गराई पाउँ।

३. देहायका साक्षी प्रमाण बुझिपाउ।

(क) ....................

(ख) .................



अर्नमा गाउँपालिका

४. यस गाउँपालिकाबाट जारी भएको स्थानीय न्यायिक समिति (कार्यबिधि सम्बन्धी) ऐन,२०.... को दफा १४ बमोजिम बिवाद दर्ता दस्तुर रु १००।— यसै उजुरी साथ दाखिला गरेको छु।

५. यो उजुरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ को उपदफा ....अनुसार यसै समितिको अधिकार क्षेत्र भित्र पर्दछ।

६. यो उजुरी हदम्याद भित्र छ र म उजुरीकर्तालाई यस बिषयमा उजुरी दिने हकदैया प्राप्त छ।

७. यस बिषयमा अन्यन्त्र कहि कतै कुनै निकायमा कुनै प्रकारको निवेदन/उजुरी दिएको छैन।

८. यसमा लेखिएको बेहोरा ठिक साचो सत्य हुन झुटा ठहरिएमा कानुन बमोजिम सजाय भोग्न तयार छु।

निज निवेदक

नाम

हस्ताक्षर

इति सम्बत् .................साल .........महिना .......गते रोज शुभम्।

अनमा गाउँपालिका

# अनुसूची -२

*(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)*

## अर्नमा गाउँपालिका

## न्यायिक समिति

## उजुरी दर्ता गरेको निस्साको ढाँचा

श्री ................................

.......................................

**बिषयः उजुरी दर्ता निस्सा सम्बन्धमा।**

.........जिल्ला..........गाउँपालिका ......... वडा ... मा बस्ने तपाई ...............ले .........जिल्ला.......... गाउँपालिका.........वडा .......मा बस्ने...........................बिरुद्धमा .................................भनी उजुरी दर्ता गर्न ल्याएकोमा आज मिति .........................मा तपाईको निवेदन दर्ता गरी दर्ता नं. ..............कायम भएकाले यो निस्सा जारी गरिएको छ।

**अधिकृत कर्मचारी**

नामः ............................

पद ..............................

हस्ताक्षर

मिति



अर्नमा गाउँपालिका

## अनुसूची -३

*(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)*

**अर्नमा गाउँपालिका**

**न्यायिक समिति**

**तारिख भर्पाई**

| वादी | प्रतिवादी |
|---|---|
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |

मुद्दाः ............................

मितिः ........................मा यस मुद्दाको ...........................काम गर्ने भएकाले सोहि दिनको ..........बजे यस न्यायिक समितिमा उपस्थित हुनेछु।

**बादी**

नामः ................................

हस्ताक्षर

नामः ...........................

हस्ताक्षर

ईति सम्बत् ................साल .........महिना .......गते रोज शुभम्।



अर्नमा गाउँपालिका

# अनुसूची -४

*(दफा ९ को उपदफा (४) सँग सम्बन्धित)*

## अर्नमा गाउँपालिका

## न्यायिक समिति

**............गाउँपालिकामा खडा गरिएको तारिख पर्चा**

| बादी | प्रतिवादी |
|---|---|
| नामः .................................. | नामः ............................... |
| ठेगानाः ................................ | ठेगानाः ............................ |

**मुद्दाः ........................................**

मितिः ........................मा यस मुद्दाको .................काम गर्ने भएकाले सोहि दिनको ................बजे यस न्यायिक समितिमा उपस्थित हुनुहोला।

**तारिख तोक्ने कर्मचारीको सहिछाप**

नामः

पदः

हस्ताक्षर

ईति सम्बत् ................साल .........महिना .......गते रोज शुभम्।



अर्नमा गाउँपालिका

# अनुसूची -५

*(दफा १५ को उपदफा (३) सँग सम्बन्धित)*

## अर्नमा गाउँपालिका

## न्यायिक समिति

## लिखित जवाफ (प्रतिवाद)

| | |
|---|---|
| ..... जिल्ला ......./गाउँपालिका वडा नं. .....बस्ने ............को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ..........मो.नं.९८०३३ ......... ... ... .........१ | लिखित जवाफ प्रस्तुतकर्ता/ प्रत्यार्थी |

**बिरुद्ध**

| | |
|---|---|
| ...... जिल्ला .....गाउँपालिका वडा नं. .....बस्ने......को छोरा/छोरी, श्रीमान/श्रीमति....बर्षको............ मो.नं.९८०३३.... ... ... ... ... ... ........१ | बिपक्षी/निवेदक |

**बिषयः ......................................।**

मिति ..............सालको निवेदन दर्ता नं. ......कायम भएको मुद्दामा उजुरवालाले मलाई लगाएको अभियोगका सम्बन्धमा मेरो बेहोरा निम्न लिखित छ।

१. ..................................................................

..................................................................

२. यस गाउँपालिकाबाट जारी भएको स्थानीय न्यायिक समिति (कार्यबिधि सम्बन्धी) ऐन, २०... को दफा १४ बमोजिम लिखित जवाफ दर्ता दस्तुर रु ....।- यसै उजुरी साथ दाखिला गरेको छु।

३. यो लिखित जवाफ म्याद भित्रै लिई म आफै उपस्थित भएको छु।

४. यस बिषयमा अन्यन्त्र कहिकतै कुनै निकायमा कुनै प्रकारको निवेदन/उजुरी दिएको छैन।

५. यसमा लेखिएको बेहोरा ठिक साचो सत्य हुन झुटा ठहरिएमा कानुन बमोजिम सजाय भोग्न तयार छु।

**लिखित जवाफ**

**प्रस्तुतकर्ता**

नामः

ठेगानाः

हस्ताक्षर

ईति सम्बत् .................साल .........महिना .......गते रोज शुभम्।



अनमा गाउँपालिका

# अनुसूची -६

*(दफा २० को उपदफा (६) सँग सम्बन्धित)*

## अर्नमा गाउँपालिका

## न्यायिक समिति

## न्यायिक समितिबाट जारी भएको १५ (पन्ध्र) दिने म्याद सूचना

श्री ................................

...................जिल्ला.........../गाउँपालिका बस्ने ............................ ले तपाईको बिरुद्ध ..........................बिवाद परेको भनि निवेदन दर्ता गरेको हुँदा सो को प्रतिलिपी यसै पत्रका साथ पठाईएको छ। अतः तपाईले यो म्याद बुझेको वा रित पुर्वक तामेल भएको मितिले १५ (पन्द्र) दिन भित्र यसै सूचनामा संलग्न ढाँचामा (अनुसूची .......) लिखित जवाफ सहित यस कार्यालय समक्ष हाजिर हुन आउनुहोला। अन्यथा कानुन बमोजिम हुने बेहोरा जानकारी गराईन्छ।

**म्याद सूचना जारी गर्ने कर्मचारीको**

नाम

पद

हस्ताक्षर

-----------------------------------------------------

**म्याद तामेलीको नमूना**

**१. म्याद सूचना बुझिलिनु पर्ने व्यक्तिले बुझिलिएकोमा**

मेरो नाममा जारी भएको एक प्रति म्याद सूचना र मेरो बिरुद्ध …………गाउँपालिका, न्यायिक समितिमा परेको निवेदनको प्रतिलिपि समेत देहायका साक्षीहरुको रोहबरमा म आफैले बुझी लिएँ भनि दस्तखत गर्ने ………….

**२. <u>म्याद सूचना बुझिलिनु पर्ने व्यक्तिको एकाघरको सदस्यले बुझिलिएकोमा</u>**

म्याद सूचना जारी भएको व्यक्तिले म्याद सूचना बुझ्न ईन्कार गरेकोरफेला नपरेकोले …………गाउँपालिका, न्यायिक समितिमा परेको निवेदनको प्रतिलिपि र म्याद सूचना देहायका साक्षीको रोहवरमा बुझिलिए भनि दस्तखत गर्ने म्याद सूचना बुझिलिनु पर्ने………को एकाघरक……..नाताको बर्ष ….को………….।

**३. <u>म्याद सूचना बुझिलिनु पर्ने व्यक्ति फेला नगरी तामेल गर्नु परेकोमा</u>**

बिपक्षी……………………को नाममा जारी भएको म्याद सूचना बुझिलिनु पर्ने व्यक्ति र निजको घरपरिवारका सदस्यहरुले म्याद सूचना बुझिलिन इन्कार गरेको रनिजको घर समेत तलास गर्दा फेला नपरेकोले निजका नाउँको एक प्रति म्याद सूचना सम्बन्धित वडाको …………….ठाउँमा वा टोलको सार्वजनिक ठाउँ ……….मा टाँस गरेका छौं भनी दस्तखत गर्ने व्यक्तिहरुः

१. …….जिल्ला ……गाउँपालिका वडा नं. ..मा बस्ने बर्ष ….का श्री ……

२. …….जिल्ला …….गाउँपालिका वडा नं. ..मा बस्ने बर्ष ….का श्री ……

**<u>साक्षी</u>**

माथि उल्लेखित खण्ड (....) बमोजिम हामीहरुको रोहवरमा म्याद सूचना तामेली भएको ठीक हो भनी दस्तखत गर्ने।

१. .......जिल्ला .......गाउँपालिका वडा नं. ..मा बस्ने बर्ष ....का श्री ..

२. .......जिल्ला .......गाउँपालिका वडा नं. ..मा बस्ने बर्ष ....का श्री ...

**म्याद सूचना तमेल गर्ने कर्मचारीको**

नाम

पद

हस्ताक्षर

इति सम्बत् ................साल .........महिना .......गते रोज शुभम्।

अर्नमा गाउँपालिका

**अनुसूची -६क.**

*(दफा २५ को उपदफा (३)क. सँग सम्बन्धित)*

**अर्नमा गाउँपालिका**

**न्यायिक समिति**

**मेलमिलापमा पठाउने आदेश**

**मुद्दा नं....................**

संयोजक श्री ...................

सदस्य श्री .......................

सदस्य श्री .............................

**बिषयः** ..............................।

...............निवेदक र .................... विपक्षी भएको ....................... विवादमा यस न्यायिक समितिमा विचाराधीन रहेको र विवादका पक्षहरुले सो मुद्दा मेलमिलापको प्रक्रियाबाट समाधान गरी पाउन निवेदन गरेको/मेलमिलापको प्रक्रियामा पठाउन उपयुक्त भएको/मुद्दाका दुवै पक्ष सो मुद्दामा मेलमिलापको प्रक्रियामा जान सहमति भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ को उपदफा ११ तथा यस गाउँपालिकाको न्यायिक समिति (कार्यविधि) ऐन, २०७५ को दफा दफा २५ को उपदफा (३)क. बमोजिम मेलमिलापकर्ताले नियुक्ती पाएको मितिले १५ दिनभित्र मेलमिलाप सम्बन्धी कार्य सम्पन्न गरी न्यायिक समितिमा प्रतिवेदन पेश गर्न प्रस्तुत विवाद मेलमिलाप केन्द्रमा पठाई नियमानुसार पेश गर्नु।

| | | |
|---|---|---|
| .................. | ................ | ................ |
| सदस्य | सदस्य | संयोजक |

इति संवत् .... साल ..... महिना ..... गते रोज ... शुभम्।



अर्नमा गाउँपालिका

## अनुसूची -६ख.

*(दफा २५ को उपदफा (३)ख. सँग सम्बन्धित)*

**अर्नमा गाउँपालिका**

**न्यायिक समिति**

**विवादको पक्षहरूलाई विवाद निरूपणका लागि जिल्ला अदालतमा जानु भनी गर्ने आदेश**

श्री ............गाउँपालिका न्यायिक समिति

संयोजक श्री.................................

सदस्य श्री...................................

सदस्य श्री...............................

| | |
|---|---|
| ......... जिल्ला .........../गाउँपालिका वडा नं. .....बस्ने ..................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ............मो.नं.९८०३३ ...................१ | (प्रथम पक्ष) निवेदक |

**बिरुद्ध**

| | |
|---|---|
| .......... जिल्ला ...........गाउँपालिका वडा नं. .....बस्ने ..............को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको .............. मो.नं.९८०३३................१ | (दोस्रो पक्ष) बिपक्षी |

**विवादः ............।**



अर्नमा गाउँपालिका

यसमा........... .............. ..........................निवेदन दावी र .............. ......... ......... ......... ......भन्ने प्रतिवादीको लिखित बेहोरा भएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (२) सँग सम्बन्धित प्रस्तुत विवादमा पक्षहरूलाई मेलमिलापको माध्यमबाट विवाद समाधानको लागि यस न्यायिक समितिको मितिको आदेशानुसार........ मेलमिलाप केंद्रमा पठाईएकोमा तीन महिना सम्म पनि निवेदक (वादी) र प्रतिवादीबीच मेलमिलाप हुन नसकेको भनी वडा मेलमिलाप केन्द्र मार्फत सूचिकृत मेलमिलापकर्ताहरू श्री .......................ले प्रतिवेदन गरेको देखियो। यस न्यायिक समितिबाट समेत मिलापत्र गर्नको लागि पटक पटक पक्षहरूलाई सम्झाई बुझाई गर्दा निवेदक र प्रतिवादीको बीचमा मिलापत्र हुन सक्ने सम्भावना नदेखिएकोले दुवै पक्षलाई विवाद समाधानको लागि जानकारी दिन र यस सम्बन्धी विवादको मिसिल (फाइल) र कागजात... .....जिल्ला अदालत जानको लागि ... जिल्ला अदालतमा पठाई दिन मनासिव देखिदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ को उपदफा (४) बमोजिम यो आदेश गरी दिएको छ। विवादको दायरीको लगत कट्टा गर्नु।

| ............... | ................. | ................ |
|---|---|---|
| सदस्य | सदस्य | संयोजक |

इति सम्वत्....... साल................ महिना ....गते रोज...शुभम्...।

## अनुसूची -७

*(दफा ४२ को उपदफा (१) सँग सम्बन्धित)*

**अर्नमा गाउँपालिका**

**न्यायिक समिति**

**निर्णयको ढाँचा**

संयोजक श्री .......................................

सदस्य श्री

...........................................

सदस्य श्री

............................................

**निर्णय**

सम्बत ..........सालको निवेदन नं. .....

......... जिल्ला .........../गाउँपालिका वडा नं. .....बस्ने ..................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ............मो.नं.९८०३३ ...................१ — (प्रथम पक्ष) निवेदक

**बिरुद्ध**

.......... जिल्ला ...........गाउँपालिका वडा नं. .....बस्ने ...............को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ............... मो.नं.९८०३३.........१ — (दोस्रो पक्ष) बिपक्षी

बिषयः .......................................



अर्नमा गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (१) बमोजिम निवेदन दर्ता भई यस न्यायिक समिति समक्ष प्रस्तुत हुन आएको मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छ

१. ............................................................................................................................... निवेदनको बेहोरा।

२. ..............................................................................प्रतिवादको बेहोरा।

३. ............................................................................ मेलमिलाप केन्द्रमा के कारणले बिवाद मिलेन सो बेहोरा ।

४. ........................................सबुद प्रमाणले बोलेको बेहोरा।

## न्यायिक समितिको ठहर

नियमानुसार साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी आज निर्णयको लागि पेस हुन आएको प्रस्तुत विवादमा विवादका सम्बन्धित पक्षहरूको मौखिक भनाई एवम् निजहरूवाट नियुक्त भएका कानून व्यवसायीहरूबाट........................................भन्ने समेत बेहोराको बहस समेत सुनियो। यस न्यायिक समितिले विवादका पक्षहरूलाई मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न पटक पटक अनुरोध गरी वडा मेलमिलाप केन्द्रमा पठाइएकोमा मिलापत्र हुन नसकेको भनी सूचीकृत मेलमिलापकर्ताको तिवेदनबाट देखिन आएको र न्यायिक समितिले मिलापत्र गराउन सक्दो प्रयास गर्दा समेत मिलापत्र हुन नसकेकाले प्रस्तुत विवादमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ को उपदफा (१) बमोजिम निर्णय दिनुपर्ने भएको छ। विवादको मिसिल संलग्न सम्पूर्ण कागजात अध्ययन गरी निर्णयतर्फ

विचार गर्दा भन्ने निवेदन (वादी) दावी र सोका सम्बन्धमा निवेदन दावीलाई स्वीकार/ आआंशिक स्वीकार/इन्कार गरेको प्रतिवादीको लिखित बेहोराबाट देखिन आएको छ। पक्षहरु वीच ................................भन्ने कुरामा मुख मिली वा नमिली सो सम्बन्धमा निर्णय दिनु पर्ने हुन आएको छ।

......................................आधार र कारणबाट निवेदन (वादी) दावी पुष्टि हुन आएको/ हुन नआएको देखिदा ....................संहिता वा ऐन...... ...को दफा... बमोजिम निवेदन (वादी) देखिँदा.. दावी पुग्ने वा नपुग्ने ठहर्ने गरी यो निर्णय गरिदियौं। सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्नु। *(सर्वसम्मत निर्णय गर्दा यो ढाँचामा गरिन्छ भने बहुमतको आधारमा निर्णय गर्दा फरक राय व्यक्त गर्ने पदाधिकारीको छुट्टै राय लेखिन्छ। जो मुख्य राय भन्दा तल लेखिन्छ।)*

**तपसिल**

१. ..............................................गर्ने निर्णय भएकाले यो विवादको पुनरावेदन परी वा नपरी निर्णय अन्तिम भएमा निर्णय कार्यान्वयन गर्न सम्बन्धित निकायमा लेखी पठाई दिनु/ चलन चलाई दिनु / विगो वा क्षतिपूर्ति भराई दिनु।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५१ बमोजिम यो निर्णयमा चित्त नबुझे ३५ दिनभित्र ................जिल्ला अदालतमा पुनरावेदन गर्न जानु भनी निवेदक निवेदन (वादी) वा प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु।

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५० बमोजिम न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले

पैतीस दिनभित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराई जानकारी दिनु।

४. नक्कल माग गर्ने सरोकारवालाबाट नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु।

५. यो निर्णय गाउँपालिकाको विवाद निरूपण सम्बन्धी सफ्टवेयरमा प्रविष्ट (इन्ट्री) गर्नु।

| | | |
|---|---|---|
| .................. | .................. | .................. |
| सदस्य | सदस्य | संयोजक |

न्यायिक समितिका पदाधिकारीले बोली टिपाए बमोजिम टिपी लेखे

फलानो दर्जाको कर्मचारी.. १

कम्प्युटर टाईप गर्ने फलानो दर्जाको

कर्मचारी.......................................१

प्रमाणीकरण मितिः.................................

इति सम्बत् .................साल .........महिना .......गते रोज शुभम्।

अनमा गाउँपालिका

## अनुसूची -८

*(दफा ४८ सँग सम्बन्धित)*

## अर्नमा गाउँपालिका

## न्यायिक समिति

## अन्तरिम संरक्षणात्मक आदेश

संयोजक श्री ............................................................

सदस्य श्री ............................................................

सदस्य श्री ............................................................

सम्बत ...........सालको निवेदन नं. .....

......... जिल्ला .........../गाउँपालिका वडा नं. .....बस्ने ...........को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ............मो.नं.९८०३३ ........१ } (प्रथम पक्ष) निवेदक

**बिरुद्ध**

.......... जिल्ला ...........गाउँपालिका वडा नं. .....बस्ने ..............को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको .............. मो.नं.९८०३३.........१ } (दोस्रो पक्ष) बिपक्षी

**बिषयः ....................................**

......................भनी दिनु भएको निवेदन उपर प्रारम्भिक रुपमा जाँचबुझ गर्दा बेहोरा मनासिब देखिएको हुँदा हाललाई ...................................प्रवन्ध मिलाउनु भनि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९ (४) बमोजिम बिपक्षी



अर्नमा गाउँपालिका

.........................................को नाममा यो अन्तरिम रक्षणात्मक आदेश जारी गरिदिएका छौ । यो आदेश मिसिल सामेल राखी विपक्षीलाई लेखि पठाईदिनु। यो आदेश अनुसार कार्य भएको जानकारी प्राप्त गरी सिसिल सामेल राखु र नियमानुसार पेश गर्नु।

इति सम्बत् .......साल .........महिना .......गते ........रोज शुभम्।

अर्नमा गाउँपालिका

## अनुसूची -९

*(दफा ५३ को उपदफा (२) सँग सम्बन्धित)*

**अर्नमा गाउँपालिका**

**न्यायिक समिति**

**<u>संयुक्त मिलापत्र निवेदन</u>**

......... जिल्ला .........../गाउँपालिका वडा नं. .....बस्ने ........को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ............मो.नं.९८०३३ ............१ } (प्रथम पक्ष) निवेदक

**बिरुद्ध**

.......... जिल्ला ...........गाउँपालिका वडा नं. .....बस्ने .........को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ............... मो.नं.९८०३३.........१ } (दोस्रो पक्ष) बिपक्षी

**बिषयः ......................................**

हामी निवेदक निम्न लिखित निवेदन गर्दछौः

१. ............................................. भनि निवेदकको निवेदन परेको ।

२. ...................................गराईपाउँ भन्ने प्रत्यर्थीको लिखित जवाफ रहेको ।



अर्नमा गाउँपालिका

३. .......गर्न हामी दुवै पक्ष सहमत भएकाले यो मिलापत्रको संयुक्त निवेदन पेश गरेका छौं, लेखिए वमोजिम मिलापत्र गरी पाउँ।

४. यो मिलापत्रको संयुक्त निवेदन दस्तुर बापत रु.....यसै साथ संलग्न छ।

५. यसमा लेखिएका बेहोरा ठिक साँचो हुन्, झुठा ठहरे कानून वमोजिम सहुँला वुझाउँला ।

**निवेदकहरु**

| | |
|---|---|
| **निवेदक** | **विपक्षी** |
| नामः | नामः |
| ठेगानः | ठेगानाः |

इति संवत् ...... साल........महिना.......गते.....रोज शुभम्

# अनुसूची १०

✂...................[1]

अनमा गाँउपालिका

[1] *पहिलो संशोधन, २०८३ द्वारा हटाईएको*

## अनुसूची -११

*(दफा ६० को उपदफा (३) सँग सम्बन्धित)*

**अर्नमा गाउँपालिका**

**न्यायिक समिति**

**मेलमिलापकर्तामा सुचिकृत हुने निवेदन**

**बिषयः मेलमिलापकर्तामा सूचिकृत हुन पाउँ।**

म यस गाउँपालिकाको मेलमिलापकर्ताको रुपमा कार्य गर्न इच्छुक भएकाले तपसिल बमोजिमको प्रमाण कागज साथै राखी यो निवेदन गर्दछु। निवेदन माग बमोजिम मेलमिलापकर्ताको रुपमा सूचिकृत गरी पाउँ।

**तपसिल**

१. नेपाली नागरिकताको प्रतिलिपी

२. माध्यमिक तह उर्तिण गरेको शैक्षिक प्रमाणपत्रको प्रतिलिपी

३. ४८ घण्टे मेलमिलाप सम्बन्धी तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपी

४. व्यक्तिगत बिवरण

**निवेदक**

नामथर ..........................................

हस्ताक्षर

फोन न.



अर्नमा गाउँपालिका

# अनुसूची -१२

*(दफा ७६ को उपदफा (१) सँग सम्बन्धित)*

## अर्नमा गाउँपालिका

## न्यायिक समिति

## न्यायिक समितिमा पेश गरेको भरिभराई निवेदन पत्र

......... जिल्ला ........../गाउँपालिका वडा नं. .....बस्ने............को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको.....मो.नं.९८०३३ ......................१ } (प्रथम पक्ष) निवेदक

**बिरुद्ध**

.......... जिल्ला ..........गाउँपालिका वडा नं. .....बस्ने ............को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ..... मो.नं.९८०३३.....................१ } (दोस्रो पक्ष) बिपक्षी

**बिषयः ......................................**

म निवेदक भरी भराइ गरिदिनका लागि निम्न बेहोरा निवेदन गर्दछु।

१. उपरोक्त विपक्षीसँगको उल्लेखित मुद्दामा यस गाउँपालिकाको न्यायिक समितिको मिति .........को निर्णय बमोजिम मैले यस कार्यालयमा मिति .................को न्यायिक समितिको फैसला बमोजिम मैले भरी भराई पाउने ठहर भएको हुँदा उक्त रकम भरी भराई पाउन यो निवेदन पेश गरेको छु।

२. मैले यस कार्यालयमा आवश्यक तिर्नुपर्ने रकम तिरी सकेको र यस न्यायिक समितिको अन्तिम फैसला छायाकपी यसै साथ संलग्न छ।

३. यसमा लेखिएको बेहोरा ठिक साचो हो झुटा ठहरे सहुँला बुझाउला।

निवेदक

................

इति सम्बत् .................साल .........महिना .......गते रोज..... शुभम्।

अनमा गाँउपालिका

अर्नमा गाउँपालिका

## अनुसूची १३

*(दफा ७७ को उपदफा (१) सँग सम्बन्धित)*

**अर्नमा गाउँपालिका**

**न्यायिक समिति**

**न्यायिक समिति समक्ष चलन चलाउनको लागि दिइएको निवेदन पत्र**

**बिषयः चलन चलाई पाउँ भन्ने बारे।**

......... जिल्ला ........./गाउँपालिका वडा नं.
.....बस्ने .........को छोरा/छोरी, श्रीमान/श्रीमति
....बर्षको ......मो.नं.९८०३३................१ (प्रथम पक्ष) निवेदक

**बिरुद्ध**

.......... जिल्ला ...........गाउँपालिका वडा नं.
.....बस्ने .........को छोरा/छोरी, श्रीमान/श्रीमति
....बर्षको ..... मो.नं.९८०३३...............१ (दोस्रो पक्ष) बिपक्षी

**मुद्दाः ......................................**

म निवेदक निम्न बेहोरा निवेदन गर्दछु।

१. उपरोक्त बिपक्षीसँगको उल्लेखित मुद्दा यस गाउँपालिकाको न्यायिक समितिबाट मिति ........मा निर्णय भई उक्त जग्गा (वा जुन सम्पत्ति भोग गर्न पाउने गरी निर्णय भएको छ सो सम्पत्ति वा वस्तु उल्लेख गर्ने) मेरो हक भोग र स्वामित्वको हुने ठहर भएकोमा श्री जिल्ला अदालतमा बिपक्षीले पुनरावेदन गरेकोमा सम्मानीत अदालतबाट समेत मिति ................मा न्यायिक समितिकै निर्णयलाई सदर गरी मेरै

हक भोगको कायम भएको सम्पत्ति रहेको हुँदा शिघ्रातिशिघ्र मलाई उक्त सम्पत्ति चलन चलाई पाउन यो निवेदन पेश गरेको छु।

२. यसै निवेदनका साथ देहायका कागजातहरु समेत संलग्न गरेको छु।

(क) न्यायिक समितिले मिति .......मा गरेको निर्णयको छायाँकपी

(ख) श्री जिल्ला अदालतले गरेको मिति ..........को सदर फैसलाको छायाँकपी

(ग) यस बिवाद सम्बद्ध मिसिल यसै कार्यालयमा रहेको छ।

(घ) लेखिएको बेहोरा ठिक साँचो छ, झुटा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक

निज

इति सम्बत् .................साल .........महिना .......गते रोज.....

शुभम्।

अनमा गाउँपालिका

## अनुसूची १४

*(दफा ७९ को उपदफा (४) सँग सम्बन्धित)*

### अर्नमा गाउँपालिका

### न्यायिक समिति

### <u>सम्पत्ति रोक्काको आदेश निर्णयको ढाँचा</u>

संयोजक श्री ..................................................................

सदस्य श्री ..................................................................

सदस्य श्री ..................................................................

**बिषयः सम्पत्ति हस्तान्तरण रोक्का आदेश।**

सम्बत ..........सालको निवेदन नं. .....

| | |
|---|---|
| ......... जिल्ला .........../गाउँपालिका वडा नं.<br>.....बस्ने .............को छोरा/छोरी, श्रीमान/श्रीमति<br>....बर्षको ............मो.नं.९८०३३ ............१ | (प्रथम पक्ष)<br>निवेदक |

**बिरुद्ध**

| | |
|---|---|
| .......... जिल्ला ...........गाउँपालिका वडा नं.<br>.....बस्ने ............को छोरा/छोरी, श्रीमान/श्रीमति<br>....बर्षको ...... मो.नं.९८०३३....................१ | (दोस्रो पक्ष)<br>बिपक्षी |

यसमा निवेदकको माग बमोजिम .......जिल्ला...................गाउँपालिका वडा नं. ......क्षेत्रफल



अर्नमा गाउँपालिका

......कि.नं. ....घरजग्गाको हस्तान्तरण नगर्नु/नगर्न दिनु भनी मालपोत कार्यालयको नाममा समेत स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९ (६) बमोजिम यो सम्पत्ति रोक्काको आदेश जारी गरि दिएका छौं। यो आदेश मिसिलमा राखी सम्बन्धित कार्यालयमा पठाई दिनु। यो आदेश बमोजिम रोक्का भएको जानकारी प्राप्त गरी मिसिल सामेल राख्नु र नियमानुसार पेश गर्नु।

ईति सम्वत .......साल .......महिना .....गते ...रोज ......शुभम्।

अनमा गाउँपालिका

# अनुसूची १५

*(दफा ८८ को उपदफा (६) सँग सम्बन्धित)*

## अर्नमा गाउँपालिका

## न्यायिक समिति

## नक्कलका लागि पेश गरेको निवेदन पत्र

**बिषयः नक्कल पाउँ भन्ने बारे**

......... जिल्ला .........../गाउँपालिका वडा नं. (प्रथम पक्ष)
.....बस्ने ............को छोरा/छोरी, श्रीमान/श्रीमति निवेदक
....बर्षको ......मो.नं.९८०३३......................१

**बिरुद्ध**

.......... जिल्ला ...........गाउँपालिका वडा नं. (दोस्रो पक्ष)
.....बस्ने ...............को छोरा/छोरी, श्रीमान/श्रीमति बिपक्षी
....बर्षको ............... मो.नं.९८०३३.........१

**मुद्दाः ................................................**

म निवेदक नक्कल दस्तुर वापतको रु.....साथै राखी निम्न बेहोरा निवेदन गर्दछु।

१. उपरोक्त बिपक्षीसँगको उल्लेखित मुद्दामा अध्ययनको लागि देहायका काजजातहरु आवश्यक परेको हुँदा प्रमाणित प्रतिलिपी पाउँ भनी यो निवेदन साथ उपस्थित भएको छु। अतः नक्कलको प्रमाणित प्रतिलिपी पाउँ।

(क) .......................................................

(ख) .......................................................



अर्नमा गाउँपालिका

लेखिएको बेहोरा ठिक साँचो छ, झुटा ठहरे कानून बमोजिम सहँला बुझाउँला।

निवेदक

निज ..................

इति सम्बत् .......साल .....महिना .......गते .........रोज शुभम्।

**आज्ञाले**

द्रोपति कुमारी यादव

प्रमख प्रशासकीय अधिकृत

अनमा गाउँपालिका